# जातीय व्यवस्थामा उपनयन संस्कारको भूमिका

**गणेशकुमार सुनार श्रीपाली (विद्यावारधी शोधार्थी)**

**नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग,**

**त्रिभूवन विश्वविद्यालय**

**Email: gshreepaly@gmail.com**

**लेखसार**

*हिन्दु समाज मुलत जात व्यवस्थामा आधारित रहेको छ। उत्तरवैदिककालमा वर्णित चतुर्वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रबाट जातहरू विकसित भएको पाइन्छ। जात व्यवस्थालाई ३५ सय वर्षदेखि निरन्तरता दिन हिन्दू संस्कारहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ। धार्मिक विचारलाई व्यवहारिक अभ्यास गराउने काम संस्कारहरूले गरेका हुन्छन्। यस अध्ययनमा हिन्दू उपनयन संस्कारले जात व्यवस्थामा खेलेको भूमिकाको खोजी गरिएको छ। यो अध्ययन द्वितीय श्रोतहरू हिन्दू धर्मग्रन्थहरूमा रहेका उपनयन संस्कारसम्बन्धी प्रावधानहरूमा आधारित रहेको छ। यी प्रावधानले कसरी जात व्यवस्थालाई संरचित गरेको छ भनेर विश्लेषण गरिएको छ। उपनयन संस्कारले व्यक्तिलाई ज्ञानार्जनको योग्यता र पवित्रताको स्तर प्रदान गरेको हुन्छ। हिन्दूमध्ये शुद्र वर्ण र महिलाहरूलाई उपनयनको अवसर छैन। ब्राह्मण, क्षेत्री र वैश्यहरूलाई मात्र उपनयनको अवसर छ, तथापि यस संस्कारमा विभेदकारी व्यवस्था रहेका छन्। उपनयन संस्कारमा हिन्दूहरूको बीचमा निषेध र विभेदको प्रबन्ध गरेको छ। यसले हिन्दूहरूबीचमा नै जातीय स्तरीकरण कायम गरेको छ र जात व्यवस्थालाई टिकाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।*

**मुख्यशब्द :** चतुर्वर्ण, तागाधारी, जातव्यवस्था र द्विज

## विषय प्रवेश

हिन्दू वर्ण व्यवस्थाबाट विकसित भएको जातीय व्यवस्थाले साढे तीनहजार वर्षभन्दा बढी समयदेखि निरन्तर हस्तान्तरित हुँदै आएको छ। उत्तरवैदिक कालमा वर्णित चतुर्वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र नै समयक्रममा पेशाको विविधीकरणसँगै जातका रूपमा विकसित र विस्तारित भएको देखिन्छ। जातीय व्यवस्था एउटा बन्द सामाजिक प्रणाली हो, जहाँ हिन्दूहरूबीच नै जातअनुसार खानपान, पेशा, बिबाह र संस्कारहरू जन्मजात निसृत भएको हुन्छ। जात व्यवस्थाको विकासमा आर्थिक, सामाजिक, राजनीतिक तथा धार्मिक पक्षले भूमिका खेलेका हुन्छन्। जातीय पवित्रता र उँचनीचको भावनासहित हरेक पुस्ताको जातीकरणमा धार्मिक संस्कारहरूले गहिरो प्रभाव रहन्छ। संस्कार भन्नाले पूर्ण बनाइएको, परिस्कार गरिएको वा सफा पारिएको भन्ने हुन्छ। हिन्दू धर्ममा संस्कारलाई धेरै हिसावले वर्गीकरण गरिएको भए पनि सोह्र संस्कारहरू बढी प्रचलित रहेका छन। यसमध्ये वर्तमान समयमा नामकरण, अन्नप्रासन्न, उपनयन, विबाह र अन्तेष्टि संस्कारहरू बढी प्रयोग भएको पाइन्छ। जात व्यवस्थामा सबैभन्दा बढी

आकर्षिक हुने संस्कारहरू उपनयन र विबाह संस्कारहरू हुन। यस अध्ययनमा भने उपनयन संस्कारमा भएको जातीय प्रवन्धहरूको खोजी गरिएको छ।

यस अध्ययनमा हिन्दू समाजमा उपनयन संस्कारको प्रयोग र प्रभावको बारेमा व्याख्या गरिएको छ। जसले हिन्दू धर्ममा निश्चित जातलाई तागाधारीको रूपमा दिइएको ज्ञानार्जनको आरक्षण र पवित्रताको स्तरलाई हेर्न सकिनेछ। साथै ब्राह्मण, क्षेत्री र वैश्यका बीचमा गरिएको विभेदलाई बुझ्न सकिनेछ, भने गैरतागाधारीलाई गरिएको निषेध र बहिस्करणलाई पहिल्याउन सकिनेछ। यस अध्ययनमा हिन्दू धर्ममा भएका जातीय विभेदकारी प्रवन्धहरूको व्याख्या गरिएको छ। यसले धार्मिक संकीर्णता र पवित्रताको मानकहरूलाई चुनौती दिनेछ र धर्मसंस्कारमा समयानुकल सुधारको माग गर्नेछ। यो अध्ययनमा उपनयन संस्कारको उद्देश्य, महत्त्व र विधिका बारेमा चर्चा गरिएको छैन। केवल जातिगत व्यवस्था र यसले सिर्जना गर्ने विभेदको व्याख्यामा यो केन्द्रित रहेको छ।

हिन्दू समाजको वर्णमा आधारित जात व्यवस्था र धार्मिक संस्कारहरूको बारेमा धेरै खोजअनुसन्धान भएको पाइन्छ। यहाँ जात व्यवस्थामा हिन्दू संस्कारको भूमिकाको खोजी गर्न यो अध्ययन गरिएको हो। यस सन्दर्भमा डुवोइस (सन १९०५) ले हिन्दू धर्मसंस्कारले जातीय कर्तव्य र अधिकारलाई निश्चित गरेको उल्लेख छन्। यसैगरी राजवली पाण्डे (सन १९५७) को हिन्दू संस्कार पुस्तकमा हिन्दू संस्कारले वर्ण व्यवस्थालाई सैद्धान्तिक आधार र व्यवहारिक मार्गदर्शन गर्ने दावी प्रस्तुत गरिएको छ। प्रश्रित (२०५६) ले ऋग्वेदको दसौं मण्डलको पुरुषसुक्तमा वर्ण उल्लेख भएको बताउँदै विराट पुरुषको मुखबाट ब्राह्मण, हातबाट क्षेत्री, पेटबाट वैश्य र खुट्टाबाट शूद्र पैदा भएको कुरा प्रस्तुत गर्नुभएको छ। यसै गरी सांकृत्यायन (२०५७) ले वैदिककाल श्रुति परम्परामा आधारित भई विकसित भएको र उत्तरवैदिककालमा मात्र वर्ण देखापरेका बताउनु भएको छ। आहुति (२०६७) ले समयक्रममा जति जति ब्राह्मण र क्षत्रीय वर्णको राज्य विस्तार भयो, त्यति त्यति अन्य जातिलाई पनि वर्ण व्यवस्थाको दायरामा भित्राएको र यो प्रक्रिया आजपर्यन्त जारी रहेको दावी गर्नु भएको छ। वानियाँ (२०७५) ले हिन्दू समाजमा मानिसले जन्मदेखि मृत्युपरान्त १६ संस्कार पुरा गर्नुपर्ने मान्यता भएको भए पनि व्यवहारमा ३/४ वटा संस्कार प्रचलनमा रहेको कुरा उल्लेख गर्नु भएको छ। अधिकारी (२०७५) ले असल कर्मका लागि प्रतिज्ञास्वरूप गरिने उपनयनमा चुडाकरण, उपनयन, वेदारम्भ र समावर्तन संस्कार समेटिने भएको बताउँदै वैदककालमा शूद्र र महिलालाई उपनयन गर्न वर्जित नगरिएको पछिमात्र निषेध गरिएको कुरा प्रस्तुत गर्नु भएको छ।

हिन्दू समाजमा भएको जातपात र छुवाछुतको प्रथामा तागाधारी अर्थात जनै लगाउने र गैरतागाधारी जनै नलगाउनेका रूपमा विभेदको ठूलो पर्खाल खडा गरिएको छ। हिन्दु धर्मालम्बीहरू बीच नै यज्ञपवित "जनै" कसैका लागि गौरब, पवित्रता, उच्चता र सर्वोच्च संस्कारको पहिचान हो भने कसैका लागि जनै विभेद, घृणा र अहंकारको परिचायक हो। उपनयन संस्कारबाट तागाधारी बन्ने कार्य हुन्छ। यो संस्कारले जात व्यवस्थामा कस्तो भूमिका खोज्न यो अध्ययन गरिएको हो। यस अध्ययनमा तपसीलबमोजिम उद्देश्य राखिएको छ।

यस अध्ययनमा वर्ण तथा जात व्यवस्थाको सुरुवात र विकास कसरी भयो, हिन्दू संस्कारहरूमध्ये उपनयन संस्कार किन गरिन्छ र उपनयन संस्कारले जाति व्यवस्थामा कस्तो भूमिका खेलेको छ भन्ने प्रश्नमा आधारित भएर गरिएको छ। यस लेखको उद्देश्यमा वर्ण तथा जात व्यवस्थाको विकासक्रमका बारेमा चर्चा गर्नु, हिन्दू संस्कारहरूमध्ये उपनयन संस्कारको बारेमा स्पष्ट पार्नु र उपनयन संस्कारले जात व्यवस्थामा खेलेको भूमिकाको लेखाजोखा गर्नु रहेका छन।

## अध्ययन विधि

यो द्वितीय श्रोतमा आधारित गरिएको गुणात्मक अध्ययन हो। यसमा जात व्यवस्था र उपनयन संस्कारका बारेमा धर्मग्रन्थमा भएका प्रावधानहरूको अध्ययन र व्याख्या गरिएको छ। हिन्दू धर्मका वेद, ब्राह्मण ग्रन्थ, उपनिषद, महाकाव्य, पुराण, संस्कारविधि पद्दतिमा भएका सन्दर्भहरूलाई यस अध्ययनमा प्रयोग गरिएको छ। यी सन्दर्भहरूले कसरी जात व्यवस्थालाई संरचित गरेका छन भनेर यहाँ हेर्न खोजिएको छ। अर्वाचिन धार्मिक ग्रन्थहरूका सन्दर्भहरूले वर्तमान प्रचलनको व्यवहारिक हुवहु प्रतिनिधित्व नगर्न सक्छन। यस अध्ययनमा उपनयन संस्कारको उद्देश्य, महत्त्व र प्रयोगको बारेमा चर्चा नगरी जातीय प्रवन्धहरू र तिनको प्रभावहरूमा मात्र केन्द्रित रहेको छ।

## मुख्य प्राप्तिहरू

यस अध्ययनमा पत्ता लगाइएका मुख्य प्राप्तिहरूलाई पाँच वटा शीर्षकमा प्रस्तुत गरिएको छ। यसमा सुरुमा वर्ण व्यवस्थाको सुरुवात विकासको चर्चा गरिएको छ। त्यसपछि हिन्दू संस्कार र उपनयन संस्कारको जानकारी राखिएको छ। उपनयन संस्कारले गरेको निषेध र विभेदलाइ क्रमश व्याख्या गरिएको छ।

### १. वर्ण व्यवस्थाको सुरुवात

हिन्दू समाजको जातव्यवस्था प्राचीन वर्णव्यवस्थाबाट विकसित भएको हो। वर्ण व्यवस्थाको सुरुवाती कारणबारे विभिन्न मतहरू रहेको पाइन्छ। वर्ण शब्दको अर्थ रङ्ग हो। वैदिक आर्यहरू गोरो वर्णका थिए भने आर्यपूर्वका भारतका बासिन्दाहरू कालो, पहेँलो र रातो वर्णका थिए। त्यसैले छालाको रंगको भिन्नता देखाउन सुरु सुरुमा वर्णको प्रयोग भए पनि पछि कालान्तरमा वर्ण एउटा जात व्यवस्थामा रूपान्तरण भयो। ऋग्वेदको दशौ मण्डलमा आएर मात्र वर्ण उल्लेख गरिनुले उत्तरवैदिक कालतिर वर्णको धारणा विकास भएको मान्न सकिन्छ। भारतवर्षमा आर्यहरूको प्रवेशपछिका करिब पाँच हजार वर्षअघिदेखि प्रचलित धारणाहरूको संकलित ग्रन्थका रूपमा ऋग्वेदलाई मानिएको छ। एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा सरेका ऋचाहरूको संकलन र सम्पादन वेदव्यासबाट भएको विश्वास गरिएको छ। यस हिसावले दक्षिण एशियाली उपमहाद्वीपमा करिब ३५०० वर्ष अघिदेखि नै वर्ण व्यवस्थाको सुरुवात भएको देखिन्छ। वर्ण व्यवस्था समय क्रममा पेशा व्यवसायमा आधारित जातहरूको विकास भयो। जात व्यवस्थालाई कठोर र अउल्लंघनीय बनाउन त्यसपछिका धर्मग्रन्थहरूका कठोर प्रवन्धहरूको व्यवस्था भयो। धार्मिक संस्कारहरू पनि जात व्यवस्थालाई संरचित गर्ने गरी लागू गरियो।

ऋग्वेदको दसौ मण्डलमा पुरुष सुक्तको बाह्रौ श्लोकमा पहिलोपटक वर्णको उल्लेख भएको छ। प्रश्रित (२०५६) का अनुसार त्यहाँ लेखिएको छ– ब्रह्मणो स्य मुखमासिद् बाहु राजन्यः कृतः।, उरु तदस्य यद्धैस्यः पद्म्यां शुद्रो अजायत॥ अर्थात् त्यस विराट पुरुषको मुख ब्राह्मण, हात क्षत्रीय, जाँघ वैश्य र खुट्टा शूद्र थिए। दसम मण्डलको ऋचाहरूको रचनाकाल ई.पू. १५००–१२०० को बीच अन्दाज गरिएको छ। यसैगरी राहुल सांकृत्यायन (२०५७) का अनुसार संसारकै पुरानो ग्रन्थ ऋग्वेदको रचनाकाल ई.पू. (१५००–१०००) मानिएको छ। शर्मा (वि.स.२०५८) का अनुसार "ऋग्वेदको पुरुषसुक्तबाहेक वैश्य र शुद्र शब्द कतै पनि प्रयोग भएको पाइदैन। धेरै विद्वानहरूका मतअनुसार पुरुषसुक्त प्राचीन हैन जोडिएको क्षेपक हो।" (शर्मा, २०५८ पृ. ५५) तर पेशल दाहालले भने वर्ण विभाजन चारहजार वर्षभन्दा पुरानो भएको दावी गर्नु भएको छ "यस व्यवस्थाको अति प्राचीन र सरल रूप आर्यहरू भारतीय उपमहाद्वीप प्रति प्रवेश गर्नु पहिले फारसको खाडीमा विकसित सभ्यताको 'अवेस्ता' नामक प्रसिद्ध ग्रन्थमा पाइन्छ। यसमा समाज तीन वर्ग (पुरोहित, शासक र व्यापारी कामदार) मा विभाजित भएको चर्चा छ।" (दाहाल,

वि.स. २०५४ पृ. ७१) वैदिककालमा वर्ण व्यवस्था विकास हुँदै गरेको भए पनि कठोर अउल्लंघनीय थिएन। एकबाट अर्को वर्णमा जान सक्ने गतिशीलता थियो। भेदभाव र छुवाछुत थिएन।

वर्ण तथा जात व्यवस्थाको सुरुवातबारे विभिन्न मतहरू रहेका छन। जनकलाल शर्माकाअनुसार "ऋग्वैदिक कालमा पनि आपसमा परस्पर विरोधी दुई दल थिए– आर्य र अनार्य। यिनीहरूलाई आपसमा अलगअलग छुट्टयाउने कुरा छालाको रङ्ग, भाषा र पूजापाठ नै थियो। यसैकारण प्राचीन समयमा वर्ण शब्दको अर्थ आर्य र अनार्य छुट्टयाउने  कुरामै सीमित थियो।" (शर्मा, २०५८ : पृ. ५५) अम्बेडकरका अनुसार "जब प्राचीन आर्यहरूको वर्ण समाज बन्दसमाज बन्यो र कुनै पनि वर्णको सदस्यता जन्मद्धारा सीमावद्ध भयो, त्यसपछि जात व्यवस्थाको साँच्ची नै जात व्यवस्थाको उदय भयो। समयक्रमा उपवर्गहरू बने। सजातीय बिबाह प्रथासँग जातको उत्पति भयो।" (अम्बेट २०६९ : पृ १११) "गुप्तकाल (ई.सा. ३००–५००) मा ब्राह्मण तथा वौद्धहरूबीच पुनः सत्तासंघर्ष चर्कियो, त्यही बेला वर्तमान हिन्दू धर्मको स्वरूप तय भयो। अनि ब्राह्मणहरू चीरकालसम्म आफ्नो जातीय श्रेष्ठता एवं हैकमतन्त्र टिकाउने गुरुयोजनाका रूपमा जातपात र छुवाछूत प्रथा चालु गरे।" (बीके, वि.स.२०६९. पृ ४१) उत्तरवैदिक कालपछि रचनाभएका ब्राह्मणग्रन्थ, उपनिषद, महाकाव्य पुराण लगायतका धार्मिक ग्रन्थमा जात व्यवस्था कठोर र दमनकारी बनाएको पाइन्छ। मनुस्मृति (लगभग इ पू २००) ले वर्ण व्यवस्थालाई छुवाछुत सहितको कठोर कानून बनाएर लागू गरेँ। यसरी हिन्दू समाजमा तहगत जात व्यवस्था विकसित भयो।

जात व्यवस्थाको सर्बोच्च स्थानमा गुरूपुरोहितको काम गर्ने ब्राह्मणहरू भए। त्यसपछि स्थान भएका क्षेत्रीयहरू शासन, प्रशासन र सुरक्षाको काम गर्ने भए। त्यसपछि वैश्यहरू भए जसले उत्पादन व्यापार व्यवसायका काम तोकिए। तहगत उँचनीच भए पनि ब्राह्मण, क्षेत्री र वैश्यहरू द्विजका रूपमा पवित्र र ज्ञानार्जनका लागि योग्य मानियो। चौथो वर्ण शुद्रहरू सबैभन्दा तल अछुतका रूपमा सबैको सेवा गर्ने जिम्मेवारी तोकियो। यसरी हिन्दू उत्तरवैदिक कालमा सुरुवात र पौराणिकका कालमा विकास भएको वर्णव्यवस्था झनपछि झन कठोर जात व्यवस्थाका रूपमा रूपान्तरण भयो। रसाइली (२०७६) का अनुसार "समाज विकास क्रममा वर्ण व्यवस्थासँगै जातप्रथा, श्रेणीवद्धता, उँचनीचको मान्यता, अस्पृष्यताको भावना अनेक कालखण्डमा विकास भएका हुन, ती एकैपटक निर्माण गरिएका होइनन।" (रसाइली वि.स. २०७६ पृ. १९) कामको विविधिकरणका कारण उपजातहरूको विकास हुने क्रम बढयो। यसै क्रममा शासक वर्गले पनि वर्ण व्यवस्थामा आधारित जातपातको कुरालाई निरन्तर प्रश्रय दिइरह्यो। वर्ण व्यवस्थामा वर्चश्वको संघर्षले शूद्रहरूलाई थप पेलानमा परेको र ब्राह्मणहरूको हैकम कायम राख्न वर्ण व्यवस्थामा छुवाछूत प्रथा लागू गरेको पाइन्छ। जातीय विभाजनलाई संस्थागत गर्ने कामका धार्मिक संस्कारमार्फत गरियो।

## २. हिन्दू संस्कार

सामान्यतया "संस्कार" भन्नाले पूर्ण बनाइएको, परिस्कार गरिएको वा सफा पारिएको भन्ने हुन्छ। संस्कारलाई ऋग्वेदमा संस्कृतिको रूपमा प्रयोग गरिएको छ जसको अर्थ यज्ञलाई पवित्र र निर्मल बनाउने हुन्छ। कोइराला (वि.स. २०७५) का अनुसार "संस्कारको अर्थ सुन्दर र प्रभावकारी ढंगले शालिनतापूर्वक कार्य गर्ने आन्तरिक क्षमता भन्ने हुन्छ।" (कोइराला वि.स. २०७५ पृ. ४१) हिन्दू सभ्यतामा सुरुवातदेखि नै संस्कारहरू प्रयोग भएको मानिन्छ। धार्मिक संस्कारहरूका संख्या विभिन्न ग्रन्थमा फरक फरक उल्लेख गरिएको छ। हिन्दू ग्रन्थमा ११ देखि ४८ संस्कार उल्लेख भएपनि मुख्य रूपमा १६ संस्कार बढी चर्चित रहेको पाइन्छ। यी सस्कारको उद्देश्य जीवनलाई परिस्कृत बनाउने, शुद्ध पार्ने, सुसभ्य र सुसंस्कृत बनाउने उद्देश्य अवलम्बन गरिन्छ। यी संस्कारले धार्मिक विचारलाई

व्यवहारिक अभ्यास गराउन कार्य गरेको पाइन्छ। हिन्दू सोह्र संस्कारहरूमा गर्भाधान, पुंसवन, सीमान्तोनयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, केशान्त, कर्णवेध र अक्षराम्भ रहेका छन्। यसै गरी चुडाकरण, उपनयन, वेदारम्भ, समावर्तन, बिबाह र अन्त्येष्टि पनि सोह्र संस्कारभित्र पर्छन। यी मध्ये मुख्य रूपमा नामकरण, अन्नप्रासन्न, वर्तवन्ध, बिबाह र मृत्यु संस्कार मुख्य रूपले व्यवहार बढी प्रयोग भएको पाइन्छ। जात व्यवस्थामा उपनयन संस्कार र बिबाह संस्कार बढी भूमिका खेलेको हुन्छ। वर्ण व्यवस्थाको सदस्यता प्रदान गर्ने भएकोले उपनयन संस्कारको मुख्य भूमिका रहेको देखिन्छ।

## ३. उपनयन संस्कार

हिन्दू धर्ममा प्रचलित १६ संस्कारमध्ये उपनयन प्रमुख संस्कारका रूपले लिने गरिन्छ। उपनयन संस्कारबाट नै वर्णको सदस्यता प्राप्त हुन्छ। यस संस्कारपछि मात्र देवकार्य, पितृकार्य, गर्न योग्य मानिन्छ। श्राद्धकर्म, विबाह, सन्ध्यातर्पण आदि कार्य पनि उपनयन संस्कारबिना गर्न सकिदैन। यस संस्कारको अर्थ शिक्षार्जनका लागि आचार्यसमक्ष वालकलाई लैजाने भन्ने हुन्छ। हिन्दू धर्ममा उपनयन संस्कार ब्रह्मचर्य तथा शिक्षार्जनका लागि तयार गर्न गरिन्छ। पाण्डे (सन १९५७) काअनुसार उपनयन संस्कार ब्रह्मचारीका रूपमा तयार गर्नु हो। यसको मूल प्रयोजन शिक्षा आर्जन हो। तथापि पछि यो दैहिक कर्मकाण्डमा सीमित भएको छ। यसै गरी भट्टराई (२०७४) का अनुसार यज्ञोपवित धारण गरी गायत्री श्रवण गर्ने व्रतबन्ध संस्कारलाई उपनयन संस्कार भनिन्छ। यसपछि ब्राह्मणादिहरूले वेदाध्ययन गर्ने अधिकार पाउँछन्। त्यसपछिको उनीहरूको जीवन नै सभ्य शिष्ट र व्यवस्थित किसिमको हुने भएकाले उपनयन संस्कार गरिएको मानिसलाई द्विज (दुई पटक जन्मेको) भनिन्छ। (भट्टराई, २०७४ : पृ ११९) तिवारी (सन २०२०) ले उपनयन संस्कार महिला र शुद्रलाई बर्जित भएको दावी छ। तर अधिकारी (२०७५) अनुसार "प्राचीन वैदिककालमा यज्ञपवित यज्ञमा दीक्षित भएकाले वा यज्ञकर्ताले मात्र लगाउने हुनाले यो कुनै जात र वर्गमा सीमित थिएन।" (अधिकारी, २०७५ पृ १०३) यसरी हिन्दू उपनयन संस्कारमा व्यक्तिलाई ब्रह्मचर्य तथा शिक्षा अध्ययनका लागि यज्ञपवित (जनै) धारण गराउने, गायत्री मन्त्र प्रदान गर्ने गरिन्छ। यसलाई वर्तवन्ध संस्कार पनि भनिन्छ जसको अर्थ असल प्रतिज्ञा गर्नु भन्ने हुन्छ। वर्तवन्ध संस्कारमा सोह्र संस्कारका चुडाकरण, उपनयन, वेदारम्भ र समावर्तन संस्कार समेटिएको हुन्छ। यस संस्कारले कसरी जात व्यवस्थालाई प्रवर्द्धन गरेको छ भन्ने कुरा मात्र यहाँ लेखाजोखा गरिने छ। यस धर्मग्रन्थमा भएका उपनयन संस्कारको जातगत प्रवन्धको व्याख्या संलग्न छ। यसमा उपनयन संस्कार र यसले गरेको निषेध र विभेदको बारेमा व्याख्या गरिएको छ।

## ४. उपनयन संस्कारमा निषेध

हिन्दू धर्ममा सबैको उपनयन संस्कार हुँदैन। शुद्र र नारीहरूको लागि उपनयन संस्कार निषेध गरिएको छ। मनुस्मृति (१०/४) मा भनिएको छ "ब्राह्मणः क्षत्रियो वैश्यः, त्रयो वर्णाः द्विजातयः। चतुर्थः एकजातिस्तु, शूऽः नास्ति तु पंचमः॥ (मनु. १०।४) अर्थात, ब्राह्मण, क्षत्रीय र वैश्य तीन वर्णहरू द्विजाति हुन यिनको अर्को विद्याजन्म हुन्छ चौथो वर्ण एकजन्म भई विद्याजन्म नपाउने शूऽ हुन।" (शाास्त्री, अनु. लुइटेल २०६१ पृ ४४) यसैगरी ब्रह्म पुराण (२२३/४३) मा भनिएको छ "जन्मना जायते शुऽः संस्कारों द्विज उच्यते। वेद पाठी भवेद् विप्रः ब्रह्म जानेति ब्राह्मणः॥ अर्थात यो भनाइको अर्थ हो,'जन्ममा सबै मानिस शुऽ हुन्छन्। संस्कारले उनीहरू द्विज हुन्छन्। वेद पढेर विप्र हुन्छन् र ब्रह्मज्ञान प्राप्त गरेपछि ब्राह्मण बन्दछन्।" (अधिकारी, २०७५, पृ. १०६)) यसरी उपनयन संस्कारमार्फत द्विज हुने ब्राह्मण, क्षेत्रीय र वैश्य मात्र हुन। शुद्र, नारी र कार्वाहीमा परेका ब्राह्मणहरूलाई यो अवसर थिएन। भागतवतमा भनिएको छ – "स्त्रीशुद्र द्विजबन्धूनां त्रयी न श्रुतिगोचरा। अर्थात

स्त्री शुद्र तथा पतित ब्राह्मणहरूका लागि त्रयी – वेद सुनेर धारण गरिने शास्त्र होइन।" (अधिकारी २०७५ पृ १०४) यसै सन्दर्भमा मुनुस्मृति (४/८०) मा भनिएको छ – "न शुद्राय मतिं दद्यात्। अर्थात शुद्रलाई शिक्षा दिनु हुँदैन।" (शाास्त्री, अनु. लुइटेल २०६१, पृ. २१९) न्यौपाने (सन २००५) को ठहर छ "दलितहरूलाई धार्मिक भनिएका कृत्य तथा अनुष्ठान सम्पन्न गर्न वर्जित गरिएको छ।" (न्यौपाने, सन २००५, पृ ४६) यसरी उपनयन संस्कारबाट शुद्र वर्णलाई निषेध गरिएको पाइन्छ।

शुद्रहरूमाथि अपवित्र बनाइ शिक्षाबाट बञ्चित गर्न उत्तरवैदिक कालदेखि कठोर प्रवन्ध गरिएको बुझ्न सकिन्छ। महिर्षि अत्रि (१९) लेख्छन "बध्यो राज्ञा सर्वशुद्रो जपहोम परश्च वः। यतोराष्ट्रस्य हंताऽसौ यथा  बह्नेश्चवै जलम् । अर्थात ब्राह्मणोचित जपहोमआदि गर्ने शुद्रलाई राजाले वध गर्नुपर्छ किनभने जसरी पानीले आगालाई नाश गर्दछ उसैगरी जपहोमादि गर्ने शुद्रले पनि सम्पूर्ण राज्यलाई नै नष्ट गर्दछ।"  (शाास्त्री, अनु. लुइटेल २०६१ पृ २१८) ब्राह्मणहरूले असहयोग गरेर जातिच्युत गर्ने गरेको कुरा स्वयं मनुले स्वीकारेका छन। मुनस्मृति ( १०/४३) मा भनिएको छ –

"शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः।

वृषलत्वं गतालोके ब्राह्मणादर्शनेन च॥

पौण्ड्रकाश्चौड्रद्रविडाः काम्बोजा यवनाः शकाः।

पारदाः पह्लवाश्चीनाः किरातादरदाः खसाः॥

अर्थात यज्ञ गराउन, पढाउन प्राश्चियत्त आदि गराउनका लागि ब्राह्मण नपाएकोले पौण्ड्रक, चौड्र, द्रविड, काम्बोज, यवन, शक, पारद, पह्लव, चीन, किरात, दरद र खस यी सबै क्षेत्रीय जातिहरू विस्तारै विस्तारै उपनयन आदि संस्कारहरूले भ्रष्ट भएर शुद्रत्वमा पुगे। " (शाास्त्री, अनु. लुइटेल २०६१ पृ २१८)

यसैगरी भीमराव अम्बेडकर लेख्छन –" शुद्र राजाहरू र ब्राह्मणहरूबीच निरन्तर चल्ने द्वन्द्वमा ब्राह्मणहरूलाई अनेकौं अत्याचार तथा अपमानको शिकार तुल्याइयो। उक्त अत्याचार तथा उत्पीडनबाट ब्राह्मणहरूमा शूद्रहरूप्रति पैदा भएको घृणाको परिणामस्वरूप ब्राह्मणहरूमा उपनयन गरिदिन इन्कार गरे। उपनयनबाट वञ्चित हुँदा पहिले क्षत्रियको रूपमा रहेका शुद्रहरूको सामाजिक दर्जा गिरेर वैश्यकोभन्दा तल झर्‍यो। यसरी चौथो वर्णको बन्यो।" (अम्बेट, २०६९ पृ. ११) यसरी उपनयन संस्कारबाट निषेधित गरी हिन्दूहरूलाई तागाधारी र गैर तागाधारीका रूपमा विभाजन गरेको पाइन्छ। यसैगरी आहुति (२०७७) काअनुसार जात व्यवस्थाको संस्कृति भनेको "सामाजिक सांस्कृतिक र अनुष्ठानजन्य क्रियाकलापमा पनि जातअनुसारको कर्ममा भेदलाई धर्मका रूपमा अनिवार्य बनाइन्छ।" (आहुति, वि.स. २०७७ पृ. १९)

उपनयन संस्कारबाट शुद्र तथा नारीहरूलाई निषेध मात्र गरिएको छैन। यज्ञपवित धारण गरेपछि छुनै नहुने नियम रहेको छ। घिमिरे (२०४७) का अनुसार शास्त्रमा भनिएको छ –

सुतके मृतके क्षौरे चाण्डालस्पर्शने तथा।

रजस्वला शवस्पर्शे धार्यमन्यन्नवं तदा ॥

सुतके मृतके चैव गते मास चतुष्टये।

नवयज्ञपवीतानि धृत्वा जीर्णानि संत्यजेत॥
(घिमिरे, २०४७ पृ. १७)

अर्थात पितृतर्पण, यज्ञोत्सव, संस्कारका कर्म अनि अरू अवस्थामा आवश्यकताअनुसार जस्तै छिनेमा, कपाल काटेको वेला, सुतक परेमा, मृताशौचमा, चण्डाल र रजस्वला भएकी नारीसँग छोइएमा, शवस्पर्श, वा शवयात्रा तथा ग्रहणका वेला स्नान गरी जैन फेर्नुपर्छ। यसरी यज्ञपवित धारण गरेपछि जीवनभर धारण गर्नुपर्छ र जनै धारण गरेपछि  अर्थ शुद्रसँग छोइनु हुँदैन। यस संस्कारले छुवाछूतलाई जीवनपर्यन्त अनिवार्य बनाएको पाइन्छ। शुद्धताभंग र जातिच्युतको भय द्विजमा रहेकोले अस्पृश्यतालाई पालना गर्न बाध्य हुन्छन।

## ५. उपनयनमा संस्कारमा विभेद

उपनयन संस्कार गरेर द्विज हुन पाउनेहरू ब्राह्मण, क्षेत्री र वैश्यका बीचमा फरक फरक व्यवस्था रहेको पाइन्छ। वर्णअनुसार उपनयन गर्ने उमेर, समय, प्रयोग गरिने सामग्रीहरू, र वाचन गर्ने मन्त्रलगायतमा भिन्नता पाइन्छ। उपनयनको उमेर र समयका सन्दर्भमा मनुस्मृतिअनुसार ब्राह्मणले लागि आठदेखि १६ वर्षको उमेरमा वसन्त ऋतुमा गर्नुपर्छ। क्षेत्रीले ११ वर्षदेखि २२ वर्षसम्म गृष्म ऋतुमा र वैश्यले १२ वर्षदेखि २४ वर्षसम्म शरद ऋतुमा उपनयन गर्नुपर्छ। यो उमेरभित्र उपनयन नभएमा ब्रात्यका रूपमा शुद्रलाई जस्तै व्यवहार गरिन्थ्यो।

उपनयन संस्कारमा प्रयोग गरिने सामग्रीहरू पनि जातिअनुसार फरक भएको पाइन्छ। पाण्डे (सन १९५७) का अनुसार यज्ञपवित (जनै) ब्राह्मणले कपासको सेतो, क्षेत्रीले सनको रातो र वैश्यले भेडाको ऊनको पहेलो रंगको लगाउनु पर्ने शास्त्रीय विधान रहेको छ। यसैगरी कौपिन वस्त्र ब्राह्मणका लागि शण (सन), क्षत्रीयको भौम र वैश्य कुतप वा कुश निर्मित दिइन्थ्यो। पछि जनै र वस्त्र सबैका लागि कपासको दिन थालियो। यसै गरी दण्ड ब्राह्मणको केशसम्म उचाइ भएको पलासको, क्षेत्रीयको निधारसम्मको उदुम्बर (गूलर)को र वैश्य नाकसम्मको वेलको हुने कुरा गृह्यसूत्रमा उल्लेख छ। उपनयन पूर्वको वर्तमा ब्राह्मणले दुग्ध, क्षेत्रीयले यवागु र वैश्यले अमिक्षा मात्र खाने नियम रहेको पाइन्छ।

ब्राह्मण, क्षेत्री र वैश्यका लागि मन्त्रहरू पनि आआफ्नै रहेका छन । अधिकारी (वि.स. २०७५) का अनुसार ब्राह्मणका लागि ब्रह्मगायत्री "ओम् भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्" सुनाइन्छ। क्षेत्रीका लागि क्षात्रगायत्री "ओम् देव सवितः प्रसुव यज्ञं प्रसुव यज्ञपतिं भगाय। दिव्यो गन्दर्वः केतपूः केतं नः पुनातु व्वाचस्पतिर्व्वाज नः स्वदतु ॥" सुनाइन्छ। वैश्वका लागि वैश्वगायत्री "ओम् विश्वा रूपाणि प्रतिमुञ्चते कविः प्रासावीद्भद्रं द्विपदे चतुष्पदे वि नाकमख्यत्सविता वरेण्योऽनुप्रयाणमुषसो विराजति ॥" सुनाइन्छ। उपनयन संस्कारमा गुरुदक्षिणाका लागि भिक्षायाचन गर्दा ब्राह्मण कुमारले "ओम् भवति ! भिक्षां मे देहि" क्षेत्रीले "ओम् भिक्षां भवति ! मे देहि" र वैश्यले "ओम् भिक्षां मे देहि भवति" भन्नु पर्छ। स्मृतिकालमा भएको जातीय विभेदको अवस्थाका बारेमा व्याख्या गर्दै पोखरेल (२०७५) उल्लेख गर्छन "जप गर्दा बाहुनले गायत्री छन्दमा, क्षत्रियले पत्रष्टुपमा र वैश्यले जगति छन्दमा गर्नुपर्ने भयो।" ( पोखरेल, वि.स. २०७५ पृ.३१६) उपनयन संस्कारले उमेर र समय, प्रयोग गरिने सामग्रीहरू र प्रयोग गर्ने मन्त्रहरू वर्णहरू अनुसार फरक फरक प्रयोग भएको पाइयो।

## निष्कर्ष

उत्तरवैदिक कालमा ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र चतुर्वर्ण उल्लेख भएको पाइन्छ। कालान्तरमा पेशाको विविधीकरणसँगै जातका रूपमा विकसित र विस्तारित भएको हो। खानपान, पेशा, बिबाह र संस्कारहरू जन्मजात निर्धारित हुने यो जात व्यवस्था हजारौ वर्षदेखि पुस्तौ पुस्ता हस्तान्तरण हुँदै आएको छ। आर्थिक, सामाजिक, राजनीतिक तथा धार्मिक कारणले जात व्यवस्थाको निरन्तरता भएको देखिन्छ। जात प्रथामा धार्मिक संस्कारले धार्मिक शुद्धताको वैचारिकी भर्ने र अभ्यास गराउने कार्य गरेको हुन्छ। हिन्दू संस्कारमध्ये जात व्यवस्थाको निरन्तरतामा उपनयन संस्कारको भूमिका खोज्न धार्मिक अभिलेखहरूको लेखाजोखा गरिएको हो। उपनयन संस्कारका प्रावधानहरूको अध्ययनबाट वर्ण व्यवस्थाको सदस्यता प्रदान गर्ने उपनयन संस्कारले निषेध र विभेदमार्फत जात व्यवस्थालाई टिकाउन महत्त्वपूर्ण भूमिका खेलेको छ

उपनयन संस्कारको उद्देश्य राम्रो भए पनि यसको प्रयोग वर्णवादी छ। यसले जात व्यवस्थालाई संरचित गरेको छ। यस संस्कार वैदिककालमा अहिले जस्तो निषेध र विभेदको अवस्था थिएन। तर उत्तरवैदिककालमा यसलाई शुद्र र नारीका निषेध मात्र गरिएन। यसले शुद्र र नारीहरू शिक्षाबाट

बन्चित राख्दै अपवित्र र अशुद्धका रूपमा तिरस्कृत गाराउने काम भयो। उपनयनको अवसर पाए पनि ब्राह्मण, क्षेत्री र वैश्य वर्णमा लागि समान अवसर थिएन। उपनयनका फरक व्यवस्थाहरू प्रतिकात्मक रहेका छन्। यो फरकपनले वर्णगत विशेषता, कर्म तथा स्तरलाई संकेत गर्दछन्। जसले ब्राह्मण उच्च, क्षेत्री मध्यम र वैश्य निम्न रहेको बुझिन्छ।

समयक्रममा उपनयनका शास्त्रीय विधिहरू पालन गर्न छोडिँदै गए। तर जनै धारण नगर्ने माथिको भेदभाव भने हटन सकेको छैन। उपनयन संस्कारमार्फत गरिने निषेध र विभेदले हिन्दू धर्मको विश्ववन्धुत्व, सर्वकल्याणको भावनालाई ठेस पुराएको छ। हिन्दू धर्मको अहिंसा, परोपकार, उदारतालाई खिल्ली उडाएको छ। मानवताको भावनालाई चुनौती दिएको छ। हिन्दू धर्मको महानतालाई चुनौती खडा गरेको छ। यसैले जातपात, छुवाछुत र भेदभावको कलंक हटाउन उपनयन संस्कारमा रहेको विभेद, निषेध र घृणाको प्रावधानलाई संशोधन गर्न जरुरी छ। यो संभव छ किनभने उपनयनका धेरै नियमहरू व्यवहारिक रूपमा तोडिंदै, परिमार्जन हुँदै आएका छन। हिन्दूधर्मीहरूकै बीच गरिएको विभेद र वहिस्करणको अत्याचार अन्त्य गर्न अबिलम्ब उपनयन संस्कारको परिमार्जन जरुरी छ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, नारायणप्रसाद (वि.स. २०७५). *हाम्रा सोह्र संस्कार : संस्कारहरूको वैज्ञानिक विवेचना, विधि र मन्त्रार्थ सहित.* काण्ठमाडू : गोरखा पब्लिकेशन्स प्रा.लि.

आहुति (वि.सं. २०७१).*नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष.* ललितपुर : समता फाउण्डेशन।

आहुति (वि.स. २०७७). *जातवार्ता.* ( सङ्गीत/सम्पा.) काठमाडौ : बेला बुक्स

ओम्बेट, गेल (वि.स.२०६९). *सत्ता–विमर्श र दलितः अम्बेडकर दृष्टिकोण र विवेचना.* ललितपुर : समता फाउण्डशेन।

कोइराला, घनश्याम (वि.स. २०७५). *आस्था र संस्कृति.* काठमाडौ : गौरी पब्लिक रिलेसन एन पब्लिकेशन।

घिमिरे, ऋषिराम (वि.स. २०४७). *व्रर्तवन्ध पद्दति.* दाङ्ः महेन्द्र संस्कृत विश्वविद्यालय।

दाहाल, पेशल (वि.सं. २०५४). *नेपालको इतिहास.* काठमाडौ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स।

न्यौपाने, गोविन्द (सन २००५). *नेपालको जातीय प्रश्न. : सामाजिक बनोट र साझेदारीको संभावना.* काठमाडौ : सेन्टर फर डेभलप्मेन्ट स्टडिज्।

पाण्डे, राजवली (सन १९५७). *हिन्दू संस्कार : सामाजिक तथा धार्मिक अध्ययन,* वाराणसी : चौखम्बा विद्याभवन।

पोखरेल, बालकृष्ण (वि.स. २०७५). *खस जातिको इतिहास.* काठमाडौ : फिनिक्स बुक्स

प्रश्रित, मोदनाथ (वि.सं. २०५८). *मानवताको कलंक जातपात र छुवाछूत प्रथा.* तम्घास : किरण पुस्तकालय।

भट्टराई, अर्जुनप्रसाद (वि.स.२०७४). *चुडाकरणदेखि बिबाहपूर्वका हिन्दू संस्कारहरू.* दाङ्ग : नुटा जरनल, ५ (१ र २)

रसाइली, मेघराज (वि.स. २०७६). *आन्तरिक विभेदको वृतान्त : दलित र गैरदलितभित्रका विभेद र छुवाछूत.* ललितपुर : समता फाउण्डेशन।

वानियाँ चन्द्रप्रकाश ( वि.स. २०७५). *मृत्युसंस्कार मन्थन : इतिहास, मान्यता र वास्तविकता.* काठमाडौं : शिखा बुक्स

शर्मा, जनकलाल (वि.सं. २०३९). *हाम्रो समाज : एक अध्ययन*. काठमाडौ : साझा प्रकाशन

शास्त्री, रजनीकान्त (वि.सं. २०६१). *हिन्दू जातिको उत्थान र पतन*. (तिलकप्रसाद लुइटेल/अनु.) काठमाडौ : विद्यार्थी पुस्तक भण्डार (मूल प्रकाशन सन १९४४) ।

सांकृत्यायन, राहुल (वि.सं.२०५७). *मानव समाज*. (युवराज पन्थी/अनु.). काठमाडौ : निरन्तर प्रकाशन (मूल प्रकाशन सन १९४२)

Dubois, A.J.A _(2008). *Hindu Manners, Cusoms & Ceremonies*. Delhi: Winsome Books.

Tiwari, A.K. (2020). *Importance of Upanayanam Rites in Current Scenario and Its Rich Historical Background-A Research Article*. International Journal of Humanities & Social Science: Insights & Transformations Vol. 5, Issue 2